# खुम्बु पासाङल्हामु गाउँपालिका
# सोलुखुम्बु जिल्ला,
# प्रदेशनं .१
# नेपाल
# स्थानीय सरकारबाट प्रकाशित
# खुम्बु पासाङल्हामु गाउँपालिका राजपत्र

## पर्यटन शुल्क व्यवस्थापन कार्यबिधि २०७६

**प्रस्तावना :**नेपालको संविधानको धारा ५७ को उपधारा (४) अन्तर्गत अनुसूची–८ मा उल्लेखित स्थानीय तहको अधिकारको सूची अन्तर्गत अधिकार रहेको पर्यटन शुल्कलाई यस गाउँपालिका क्षेत्र भित्र प्रवेश गर्ने विदेशी पर्यटकहरुबाट पर्यटन शुल्क संकलन गर्न खुम्बु पासाङल्हामु गाउँपालिकाको ऐतिहासिक प्रथम गाउँ सभाबाट पारित तथा कार्यक्रम र गाउँ कार्यपालिकाको निर्णय समेतको आधारमा उक्त शुल्क उठाउन शुरु गरिएकोमा त्यसलाई थप व्यवस्थित गर्न र त्यसबाट उठेको रकमलाई गाउँपालिकाको क्षेत्र भित्र पर्यटन तथा अन्य आवश्यक पूर्वाधार विकास निर्माण क्षेत्रमा लगानी गर्न वाञ्छनीय देखिएकोले खुम्व पासाङल्हामु गाउँ कार्यपालिकाले आर्थिक ऐन, २०७६ को दफा (१४) वमोजिमको अधिकार प्रयोग गरी यो कार्यविधि स्वीकृत गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१)यस कार्यविधिको नाम “पर्यटक शुल्क व्यवस्थापन कार्यविधि, २०७६” रहेको छ।
(२)यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) “गाउँ सभा” भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको सभालाई जनाउनेछ ।

ख) “गाउँ कार्यपालिका” भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकालाई सम्झनु पर्दछ ।

ग) “पर्यटन शुल्क” भन्नाले यस खुम्बु पासाङल्हामु गाउँ पालिका क्षेत्र भित्र प्रवेश गरेका विदेशी पर्यटकहरुबाट उठाउने रकमलाई सम्झनु पर्दछ ।

घ) “कार्यालय” भन्नाले खुम्बु पासाङल्हामु गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

ङ) “बैंक” भन्नाले प्रचलित कानुन बमोजिम नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त खुम्बु पासाङल्हामु गाउँ पालिकाले संचीत कोष संचालन गर्न तोकेको आर्थिक कारोवार गर्ने संस्थालाई सम्झनु पर्दछ ।

च) “सञ्चित कोष” भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको सञ्चित कोषलाई सम्झनु पर्दछ ।

छ) “सार्वजनिक जवाफदेहीको पद” भन्नाले पारिश्रमिक ठेकिएको वा नठेकिएको जे भए पनि कुनै रुपमा निवृत हुने वा निर्वाचित हुने वा मनोनयन हुने कानुनी मान्यता प्राप्त सार्वजनिक काम, कर्तव्य, र अधिकार भएको पद सम्झनु पर्दछ ।

३. पर्यटक शुल्क सम्बन्धि व्यवस्था: (१) यस गाउँपालिका क्षेत्र भित्र प्रवेश गर्ने जुनसुकै विदेशी पर्यटकबाट आर्थिक ऐनले तोके वमोजिमको पर्यटक शुल्क उठाईनेछ ।

(२) पर्यटक शुल्क उठाउदा गाउँपालिका प्रवेश गर्ने मुख्य बाटो वा गाउँकार्यपालिकाले निर्धारण गरिदिएको स्थानबाट उठाईनेछ ।

(३) पर्यटक शुल्क उठाउदा यस कार्यविधिको अनुसूची–१ मा संलग्न नमुना वमोजिमको रसिद प्रयोग गरिनेछ । रसिदको नियन्त्रण र अनुगमन गाउँकार्यपालिकाले गर्नेछ ।

(४) पर्यटक शुल्क उठाउँदा गाउँकार्यपालिकाले निर्णय गरे बमोजिम आफै कर्मचारी खटाएर वा ठेक्का पट्टा वा बोल कबोल गरेर वा कुनै संघ संस्थासँग सम्झौता गरी वा अन्य कुनै पनि माध्यमबाट गर्न सकिनेछ ।

(५) जनसुकै माध्यमबाट पर्यटक शुल्क उठाए पनि सम्झौताबाट भए सोही बमोजिम र अन्यथा भए दैनिक संकलित रकम सम्भव भएसम्म सोही दिन अन्यथा भोलिपल्ट र सार्वजनिक बिदा परे त्यसपछि वैंक खुल्ने दिन संकलित भएको रकम गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

४. संकलित पर्यटक शुल्क रकमको खर्च व्यवस्थापन सम्वन्धि व्यवस्था : (१) माथि उल्लेखित जुनसुकै माध्यमबाट संकलित भएको पर्यटक शुल्कको रकम सिधै खर्च गर्न वा सापटी दिन वा अन्य प्रयोजनमा खर्च गर्न पाईने छैन ।

(२) सञ्चित कोषमा जम्मा भएको पर्यटक शुल्क गाउँ सभाले पारित गरेको नीति तथा कार्यक्रम बमोजिम वार्षिक अनुमानित वजेट बनाई सोही अनुसारको वार्षिक योजना/कार्यक्रम स्वीकृत गरी खर्च गरिनेछ ।

(३) वार्षिक वजेट, कार्यक्रम तथा योजना वनाउदा कूल संकलित रकमको दस प्रतिशतले हुन आउने रकम नबढने गरी अनुसूची–२ मा तोकिएका प्रशासनिक क्षेत्रहरुमा खर्च गर्न पाईनेछ ।

(४) प्रशासनीक खर्चमा विनियोजन भएको वढीमा दस प्रतिशत रकम बाहेक बाँकी हुन आउने रकम अनुसूची–३ मा तोकिएका पँुजीगत क्षेत्रहरुमा गाउँ सभाबाट पारित वार्षिक अनुमानित वजेट तथा योजना एंव कार्यक्रम बनाई प्राथमिकताका आधारमा मात्र खर्च गरिनेछ ।

(५) पर्यटक शुल्कको संकलित रकम पर्यटन क्षेत्रलाई नै प्राथमिकता दिई खर्च गरिनेछ । पर्यटन क्षेत्र अन्तर्गत पर्यटक, पर्यटन व्यवसायी, पर्यटन मजदुर, पर्यटनसंग सम्वन्धित संघसंस्था आदिको प्रत्यक्ष वा अप्रत्यक्ष हित हुने गरी योजना तथा कार्यक्रम बनाएर मात्र खर्च गरिने छ ।

(६) उल्लेखित दफा (५) को कुराले सो बाहेक पनि खुम्बु क्षेत्रका बासिन्दाहरुको आवश्यकता, माग, भौगोलिक जरुरीता, पर्न सक्ने दुर्घटना, दैवी प्रकोप तथा औचित्य पुष्टि हुने क्षेत्रमा कार्यक्रम वनाइ गाउँ सभाले पारित गरेको नीति भित्र रही गाउँ कार्यपालिकाको निर्णय वमोजिम खर्च गर्न वाधा पुर्याएको मानिने छैन ।

५.पर्यटक शुल्क सम्वन्धी अन्य व्यवस्था : (१) खुम्बु क्षेत्रमा प्रवेश गरे बापत पर्यटकसंग गाउँ पालिकाको निर्णय बमोजिम गाउँ कार्यपालिका वाहेक अन्य कसैले पनि पर्यटक शुल्क उठाउन पाउने छैन । तर संघ र प्रदेश कानुन वमोजिम हुने राष्ट्रिय निकुन्ज प्रवेश शुल्क, पर्वतारोहण दस्तुर जस्ता व्यवस्था भने प्रचलित कानुन बमोजिम नै हुने छ ।

(२) गाउँपालिकाले निर्माण गरेका अन्य पूर्वाधार, पार्क, वगैचा, उद्यान, सङ्ग्रालय, मनोरन्जन स्थल वा अन्य यस्तै ऐतिहासिक महत्वका संरचनाहरुको संरक्षण र सम्वद्र्धनका लागि त्यसको अवलोकन वा प्रयोग गरे बापत गाउँ पालिकाले निर्णय गरे वमोजिम छुट्टै शुल्क लिन यसले वाधा पार्ने छैन ।

(३) त्यस्तै कसैले निजी व्यवसायको रुपमा गाउँपालिकाबाट अनुमति लिई माथि उल्लेखित दफा ४(२) मा जस्तै पूर्वाधारहरु निर्माण गरी निजी संरचनामा पनि प्रयोग वा अवलोकनका लागी शुल्क लिनलाई यसले बाधा पुर्‍याएको मानिने छैन ।

(४) पर्यटक शुल्क उठाए वापत मात्रै कसैलाई कुनैपनि थप सेवा सुविधा वा सहुलियत दिईने छैन । यसको प्रयोग वार्षिक कार्यक्रम र वजेटको परिधी भित्र रही गाउँ सभाले गरेको नीति बमोजिम मात्र हुनेछ ।

(५) पर्यटक शुल्क उठाए वापत गलत सन्देश प्रवाह गर्ने व्यक्ति, संघसंस्था, एजेन्सीहरुलाई गाउँ कार्यपालिकाले निजले यस क्षेत्रमा गर्ने सेवा प्रवाहमा रोक लगाउन सक्ने छ ।

(६) पर्यटक शुल्क नतिर्ने जनसुकै विदेशी नागरिकलाई गाउँ कार्यपालिकाले यस क्षेत्रमा प्रवेश वा घुमफिर गर्न रोक लगाउन सक्ने छ ।

(७) कुनै पनि वहानामा पर्यटक शुल्क छुट वा मिनाहा दिईने छैन । तर गाउँ कार्यपालिकाले निर्णयगरी देहाएको अवस्थामा पर्यटक प्रवेश शुल्कमा छुट वा मिनहा दिन भने सक्नेछ ।

(क) कुटनैतिक सम्वन्ध स्थापित निकायमा कार्यरत व्यक्तिहरु ।

(ख) नेपाल सरकार वा प्रदेश सरकारले छुट वा मिनाहा दिने भनि गरेको आदेश वा निर्देशन वमोजिमका व्यक्तिहरु ।

(ग) गाउँपालिकाले सहकार्य गरेका व्यक्ति, संघ संस्था वा निकायमा कार्यरत व्यक्तिहरु ।

(घ) नेपालमा जन्मेको नेपाली नागरिक तर विदेशको आवासिय नागरिकता पाएका व्यक्तिहरु ।

(ङ) दश वर्ष भन्दा मुनीका वालवालिकाहरु र शारीरिक रुपमा अशक्त (अपाङ्ग) भएका व्यक्तिहरु ।

६. विविध : (१) पर्यटक शुल्कको दरका सम्वन्धमा आर्थिक ऐन वमोजिम हुनेछ ।

(२) यस कार्यविधिलाई समयानुकूल परिवर्तन, परिमार्जन तथा थपघट गर्ने सम्पूर्ण अधिकार खुम्व पासाङल्हामु गाउँ कार्यपालिकामा रहनेछ ।

(३) यस कार्यविधि कार्यान्वयनमा कुनै वाधा अडकाउ परे गाउँ कार्यपालिकाले निर्णय गरी बाधा अडचन फुकाउन सक्नेछ ।

७. खारेजी र वचाउ : यो कार्यविधि स्वीकृत भई लागू भएको खुम्बु पासाङल्हामु गाउँपालिकाको पर्यटक शुल्क व्यवस्थापन कार्यविधि वमोजिम भए गरेका सम्पूर्ण काम कारबाही यसै कार्यविधि वमोजिम भएको मानिनेछ ।